दंगीशरण गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

हेकुली, दाङ

लुम्बिनी प्रदेश, नेपाल

दंगीशरण गाउँ कार्यपालिका (कार्यसम्पादन) नियमावली, २०७४ को नियम ९ (१) बमोजिमको कार्यपालिका बैठकको कार्यसूची बुझेको भरपाई

बैठक संख्याः ५/२०८२/०८३ मितिः २०८२/०८/२६

बैठक बस्ने स्थानः दंगीशरण गाउँपालिकाको सभा हल, हेकुली, दाङ समयः दिनको १.०० बजे

| क्र.सं. | कार्यसूचि | प्रस्तावक | प्रस्ताव पेश गर्नुको कारण | कैफियत |
|---|---|---|---|---|
| १ | कलमखोला पुलको भुक्तानी हुन बाँकी रकम भुक्तानी सम्बन्धमा। | श्री शम्भु गिरी | निर्णयार्थ | १ |
| २ | आर्थिक सहायता सम्बन्धमा। | श्री शम्भु गिरी | निर्णयार्थ | २ |
| ३ | भानु मा.वि. प्रसडुवालाई रकम भुक्तानी सम्बन्धमा। | श्री शम्भु गिरी | निर्णयार्थ | ३ |
| ४ | उपयोग वर्गीकरण संशोधन सम्बन्धमा। | श्री शम्भु गिरी | निर्णयार्थ | ४ |
| ५ | नदीजन्य पदार्थ उत्खनन् गर्नको लागि प्रारम्भिक वातावरणीय मूल्याङ्कनको अद्यावधिक प्रतिवेदन स्वीकृत गर्ने सम्बन्धमा। | श्री शम्भु गिरी | निर्णयार्थ | ५ |
| ६ | गाउँपालिकाबाट सञ्चालन हुने १० लाखभन्दा बढी बजेट भएका योजनाहरूको कार्यान्वयन सम्बन्धमा। | श्री शम्भु गिरी | निर्णयार्थ | ६ |
| ७ | दंगीशरण गाउँपालिकाको गाउँ शिक्षा योजना २०८२ स्वीकृत गर्ने सम्बन्धमा। | श्री शम्भु गिरी | निर्णयार्थ | ७ |
| ८ | विविध। | श्री शम्भु गिरी | निर्णयार्थ | ९ |

प्रस्ताव बुझेको भरपाई

| क्र.सं. | नाम, थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १. | श्री पिमा कुमारी वली खड्का | उपाध्यक्ष | |
| २. | श्री रमेश भण्डारी | वडाध्यक्ष | |
| ३. | श्री डम्बर खत्री | वडाध्यक्ष | |
| ४. | श्री सुकलाल चौधरी | वडाध्यक्ष | |
| ५. | श्री कमल थारू | वडाध्यक्ष | |
| ६. | श्री निरज बस्नेत | वडाध्यक्ष | |
| ७. | श्री रोशन जङ्ग शाह | वडाध्यक्ष | |
| ८. | श्री रेशम बहादुर वली | वडाध्यक्ष | |
| ९. | श्री मिंना चौधरी | कार्यपालिकासदस्य | |
| १०. | श्री दुर्पति थरूनी | कार्यपालिकासदस्य | |

| | | | |
|---|---|---|---|
| ११. | श्री टंकी भण्डारी | कार्यपालिकासदस्य | |
| १२. | श्री चन्दा योगी | कार्यपालिकासदस्य | |
| १३. | श्री कृष्ण कामी | कार्यपालिकासदस्य | |
| १४. | श्री सितारा नेपाली | कार्यपालिकासदस्य | |

असहमति:

यो भन्दा अगाडीको बैठकहरुमा पटक-पटक सहमति गरेको कुरा लागु नभएको हुनाले मैले आजको बैठकमा सम्पूर्ण प्रस्तावमा असहमति राख्दछु।

दंगीशरण गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

हेकुली, दाङ

लुम्बिनी प्रदेश, नेपाल

दंगीशरण गाउँ कार्यपालिका (कार्यसम्पादन) नियमावली, २०७४ को नियम ९ (१) बमोजिम कार्यपालिका बैठकको

कार्यसूची

बैठक संख्याः ५/२०८२/०८३ मितिः २०८२/०८/२९

बैठक बस्ने स्थानः दंगीशरण गाउँपालिकाको सभा हल, हेकुली, दाङ समयः दिनको १.०० बजे

| क्र.सं. | कार्यसूचि | प्रस्तावक | प्रस्ताव पेश गर्नुको कारण | कैफियत |
|---|---|---|---|---|
| १ | कलमखोला पुलको भुक्तानी हुन बाँकी रकम भुक्तानी सम्बन्धमा। | श्री शम्भु गिरी | निर्णयार्थ | |
| २ | आर्थिक सहायता सम्बन्धमा। | श्री शम्भु गिरी | निर्णयार्थ | |
| ३ | भानु मा.वि. प्रसडुवालाई रकम भुक्तानी सम्बन्धमा। | श्री शम्भु गिरी | निर्णयार्थ | |
| ४ | उपयोग वर्गीकरण संशोधन सम्बन्धमा। | श्री शम्भु गिरी | निर्णयार्थ | |
| ५ | नदीजन्य पदार्थ उत्खनन् गर्नको लागि प्रारम्भिक वातावरणीय मूल्याङ्कनको अद्यावधिक प्रतिवेदन स्वीकृत गर्ने सम्बन्धमा। | श्री शम्भु गिरी | निर्णयार्थ | |
| ६ | गाउँपालिकाबाट सञ्चालन हुने १० लाखभन्दा बढी बजेट भएका योजनाहरूको कार्यान्वयन सम्बन्धमा। | श्री शम्भु गिरी | निर्णयार्थ | |
| ७ | दंगीशरण गाउँपालिकाको गाउँ शिक्षा योजना २०८२ स्वीकृत गर्ने सम्बन्धमा। | श्री शम्भु गिरी | निर्णयार्थ | |
| ८ | विविध। | श्री शम्भु गिरी | निर्णयार्थ | |

प्रस्ताव प्रमाणित गर्नेको नामः शम्भु गिरी

पदः अध्यक्ष

दस्तखतः

दंगीशरण गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

हेकुली, दाङ

लुम्बिनी प्रदेश, नेपाल

**बैठक नं. ५/२०८२/०८३**

**बैठक बसेको मितिः** २०८२/०८/२९

**बैठक बसेको स्थानः** दंगीशरण गाउँपालिकाको सभा हल

आज मिति २०८२/०८/२९ गतेका दिन दंगीशरण गाउँपालिकाका अध्यक्ष श्री शम्भु गिरीज्यूको अध्यक्षतामा तपसिल बमोजिमका सदस्यहरूको उपस्थितिमा दंगीशरण गाउँ कार्यपालिकाको बैठक बसी सर्वसम्मतिबाट निर्णय पारित गरियो ।

**उपस्थिति**

| क्र.सं. | नाम, थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १. | श्री शम्भु गिरी | अध्यक्ष | |
| २. | श्री पिमा कुमारी वली खड्का | उपाध्यक्ष | |
| ३. | श्री कर्ण बहादुर नेपाली | सचिव | |
| ४. | श्री रमेश भण्डारी | वडाध्यक्ष | |
| ५. | श्री डम्बर खत्री | वडाध्यक्ष | |
| ६. | श्री सुकलाल चौधरी | वडाध्यक्ष | |
| ७. | श्री कमल थारू | वडाध्यक्ष | |
| ८. | श्री निरज बस्नेत | वडाध्यक्ष | |
| ९. | श्री रोशन जङ्ग शाह | वडाध्यक्ष | |
| १०. | श्री रेशम बहादुर वली | वडाध्यक्ष | |
| ११. | श्री मिना चौधरी | कार्यपालिका सदस्य | |
| १२. | श्री दुर्पति थरूनी | कार्यपालिका सदस्य | |
| १३. | श्री टंकी भण्डारी | कार्यपालिका सदस्य | |
| १४. | श्री चन्दा योगी | कार्यपालिका सदस्य | |
| १५. | श्री कृष्ण कामी | कार्यपालिका सदस्य | |
| १६. | श्री सितारा नेपाली | कार्यपालिका सदस्य | |

नोट: यो भन्दा अगाडी पटक-पटक सहमति जनाएको भएको हुदा मेरो आजको बैठकमा असहमति राख्दछु

रोशन जंगशाह
वडा अध्यक्ष-९

## मिति २०८२ साल मंसिर २९ गते बसेको कार्यपालिका बैठकका निर्णयहरू

**प्रस्ताव नं. १**

कलमखोला पुलको भुक्तानी हुन बाँकी रकम भुक्तानी सम्बन्धमा।

**प्रस्तावको संक्षिप्त व्यहोरा:** संघीय सशर्त कार्यक्रम तर्फको आ.व. २०८१/०८२ मा दंगीशरण गाउँपालिका वडा नं. २ मा पर्ने कलमखोला पुल निर्माण कार्यको भुक्तानी हुन बाँकी रकम भुक्तानी दिई नपुग हुने रकम सडक पूर्वाधार महाशाखामा माग गर्नु पर्ने भएकोले ।

**हुनु पर्ने निर्णय:** संघीय सशर्त कार्यक्रम तर्फ आ.व. २०८१/०८२ मा दंगीशरण गाउँपालिका वडा नं. २ मा पर्ने कलमखोला पुलको चौथो रनिङ्ग बिल बमोजिम निर्माण सम्पन्न भएको परिमाणको भूक्तानी हुन बाँकी जम्मा रू. ८०,७७,६४४/- भएकोमा उक्त शिर्षकमा संघीय सशर्त कार्यक्रमबाट बजेट प्राप्त नभएकोले यस गाउँपालिकाको चालु आ.व. २०८२/०८३ मा कलमखोला पुल निर्माण शीर्षकमा विनियोजित बजेट शीर्षकबाट खर्च लेख्ने गरी रू. ५७,००,०००/- (सन्ताउन्न लाख रूपैयाँ) निर्माण कम्पनी श्री बाबुल-केशव शाह-श्रीकृष्ण जे.भी. कोहलपुर-११ बाँकेलाई भुक्तानी दिने र उक्त पुलको बाँकी निर्माण कार्य सम्पन्न गर्न आवश्यक पर्ने रकम रू. ७०,००,०००/- (सत्तरी लाख रूपैयाँ) स्थानीय पूर्वाधार विकास विभागमा माग गर्ने । सो अनुसार संघीय सरकारबाट बजेट प्राप्त नहुने भएमा यस गाउँपालिकाको आगामी आ.व. २०८३/०८४ को वार्षिक योजना तथा कार्यक्रमबाट विनियोजन गर्ने गरी सुनिश्चितता गर्ने।

**निर्णय:** माथि व्यहोरामा लेखिएबमोजिम गर्ने ।

**प्रस्ताव नं. २**

आर्थिक सहायता सम्बन्धमा।

**प्रस्तावको संक्षिप्त व्यहोरा:** दंगीशरण गाउँपालिका अन्तर्गतका वडा कार्यालयहरूबाट सिफारिस भई आएका तथा गाउँ कार्यपालिकाको कार्यालयमा आर्थिक सहायताका लागि सोझै माग भइआएका व्यक्ति तथा संघसंस्थाहरूलाई माग र औचित्यका आधारमा आर्थिक सहायता उपलब्ध गराउनु पर्ने भएकोले ।

**हुनु पर्ने निर्णय:** विभिन्न कारण खुलाई दंगीशरण गाउँपालिका अन्तर्गतका वडा कार्यालयहरूबाट सिफारिस भई आएका तथा गाउँ कार्यपालिकाको कार्यालयमा सोझै निवेदन दिई आर्थिक सहायता माग गरेका तपसिलमा उल्लेखित व्यक्ति तथा संघसंस्थाहरूलाई कारण र औचित्यका आधारमा दंगीशरण गाउँपालिकाको आर्थिक सहायता वितरण सम्बन्धी कार्यविधि २०७५ अनुसार आर्थिक सहायता उपलब्ध गराउने ।

तपसिल

| क्र.सं. | व्यक्ति वा संस्थाको नाम | ठेगाना | सहायता रकम | कारण | भुक्तानीको अवस्था |
|---|---|---|---|---|---|
| १ | श्री लौमति नेपाली | दंगीशरण-६, दाङ | ८०००/- | पाठेघरको सल्यक्रिया | नभएको |
| २ | श्री सिता घर्ती | दंगीशरण-२, दाङ | ८०००/- | मस्तिष्क घात | नभएको |
| ३ | श्री रेखा चौधरी | दंगीशरण-१, दाङ | ८०००/- | पाठेघरको क्यान्सर | नभएको |
| ४ | श्री चन्द्रिका चौधरी | दंगीशरण-३, दाङ | ५०००/- | उपचार | भएको |

गाउँ कार्यपालिकाको

| | | | | | |
|---|---|---|---|---|---|
| ५ | श्री रामसुग्या थरुनी | दंगीशरण-३, दाङ | ४०००/- | उपचार | भएको |
| ६ | श्री झुपी खड्का | दंगीशरण-१, दाङ | ४०००/- | उपचार | भएको |
| ७ | श्री पूर्णिमा ठराली मगर | दंगीशरण-१, दाङ | ४०००/- | आर्थिक अवस्था कमजोर | भएको |
| ८ | श्री धनकुमारी सुनार | दंगीशरण-६, दाङ | ८०००/- | दिर्घरोगी | नभएको |
| ९ | श्री राष्ट्रिय लोक भजन चुड्का (संस्कृति) संरक्षण प्रतिष्ठान नेपाल | दंगीशरण गाउँपालिका | ८०००/- | लोक संस्कृतिको संरक्षणमा लागेका आजिवन सदस्यहरूलाई सम्मान कार्यक्रम | नभएको |

**निर्णय**: भुक्तानी भइसकेकाहरूको भुक्तानी समर्थन गरि भुक्तानी हुन बाँकीहरूलाई भुक्तानी दिने।

दंगीशरण गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय हेकुली, दाङ लुम्बिनी प्रदेश, नेपाल २०७३

**प्रस्ताव नं. ३**
भानु मा.वि. प्रसडुवालाई रकम भुक्तानी सम्बन्धमा।

**प्रस्तावको संक्षिप्त व्यहोरा**: दंगीशरण गाउँपालिका वडा नं. ६ मा अवस्थित भानु मा.वि. प्रसडुवामा गत २०८२ साल कार्तिक २१ र २२ गते सञ्चालित नेपाल रेडक्रस सोसाइटी दाङ शाखाको ३४औं जिल्ला गोष्ठीको आयोजना र व्यवस्थापनका लागि खर्च भएको रकम भुक्तानी दिनुपर्ने भएकोले।

**हुनु पर्ने निर्णय**: दंगीशरण गाउँपालिका वडा नं. ६ मा अवस्थित भानु माध्यमिक विद्यालय प्रसडुवामा गत २०८२ साल कार्तिक २१ र २२ गते नेपाल रेडक्रस सोसाइटी दाङ जिल्ला शाखाको आयोजना र जुनियर रेडक्रस सर्कल भानु मा.वि. प्रसडुवाको आतिथ्यतामा सञ्चालित नेपाल रेडक्रस सोसाइटी जुनियर/युवा रेडक्रस दाङको ३४औं गोष्ठीको आयोजना र व्यवस्थापनको लागि खर्च भएको रू. ४०,०००/- (अक्षरुपी चालीस हजार रुपैयाँ मात्र) भानु मा.वि. प्रसडुवाबाट माग भएकोले उक्त रकम विविध शीर्षकबाट खर्च लेख्ने गरी भुक्तानी दिने।

**निर्णय**: माथि व्यहोरामा लेखिएबमोजिम गर्ने।

**प्रस्ताव नं. ४**
भू-उपयोग वर्गीकरण संशोधन सम्बन्धमा।

**प्रस्तावको संक्षिप्त व्यहोरा**: दंगीशरण गाउँपालिकाको भू-उपयोग मापदण्ड २०८० बमोजिम वर्गिकरण भएका केहि जग्गाहरूमा वर्गीकरण फरक पर्न गएकोले संशोधन गरी पाउँ भनि माग भएको हुँदा आवश्यक संशोधन गर्नु पर्ने भएकोले।

**हुनु पर्ने निर्णय**: दंगीशरण गाउँपालिकाको भू-उपयोग मापदण्ड २०८० बमोजिम वर्गिकरण भएका तपसिलमा उल्लेखित कित्ता नम्बर भएका जग्गाहरूको मापदण्ड बमोजिम हुनु पर्ने वर्गिकरणभन्दा फरक भएकोले आवश्यक संशोधन गरी पाउँ भनि माग भई आएको हुँदा यस गाउँ कार्यपालिकाको कार्यालयबाट खटिई गएका प्राविधिकको प्राविधिक प्रतिवेदनको आधारमा आवश्यक मापदण्ड पुरा भएको पाइएकोले भू-उपयोग नियमावली २०७९ को नियम ११ बमोजिम हालको वर्गीकरण संशोधन गरी नयाँ भू-उपयोग वर्गीकरण कायम गरी सम्बन्धित निकायमा सिफारिस गर्ने।

गाउँ कार्यपालिकाको
बैठक संख्या: ५ | २०८२/०८३

तपसिल

| क्र.सं. | जग्गाधनिको नाम, थर | साविकको | | हालको | | हालको भू-उपयोग वर्गीकरण क्षेत्र | संशोधन भई कायम गरिएको वर्गीकरण क्षेत्र |
|---|---|---|---|---|---|---|---|
| | | वडा नं. | कित्ता नं. | वडा नं. | कित्ता नं. | | |
| १ | श्री डम्बर बहादुर महरा | हेकुली १ ज | २३४ | हेकुली १ ज | २९४ | कृषि | आवासीय |
| २ | श्री हुम बहादुर महरा | हेकुली १ ज | १२७,<br>२३४ | हेकुली १ ज | २५२,<br>२९६ | कृषि | आवासीय |
| ३ | श्री डिल्ली बहादुर महरा | हेकुली १ ज | १२७,<br>२३४ | हेकुली १ ज | २५३,<br>२९५ | कृषि | आवासीय |
| ४ | श्री दिप बहादुर डाँगी | हेकुली १ ज | २४७ | हेकुली १ ज | ३१० | कृषि | आवासीय |
| ५ | श्री सीतादेवी बस्नेत | धनौरी २ छ | २३५ | धनौरी २ छ | २६२ | कृषि | आवासीय |
| ६ | श्री दुर्गा प्रसाद सिंह | हेकुली ६ घ | ४३९ | हेकुली ६ घ | ४४१ | कृषि | आवासीय |
| ७ | श्री श्याम प्रसाद न्यौपाने | धनौरी २ छ<br>धनौरी २ ठ | पुरानो<br>पूर्जा | धनौरी २ छ<br>धनौरी २ ठ | ११५<br>११३ | कृषि | आवासीय |
| ८ | श्री भूमा कुमारी गिरी | धनौरी २ छ<br>धनौरी २ छ<br>धनौरी २ छ<br>धनौरी २ छ<br>धनौरी २ छ | पुरानो<br>पूर्जा<br><br>२३३<br>२४४ | धनौरी २ छ<br>धनौरी २ छ<br>धनौरी २ छ<br>धनौरी २ छ<br>धनौरी २ छ | १४०<br>११२<br>१५<br>२३३<br>२४४ | कृषि | आवासीय |
| ९ | श्री महिसर गिरी | हेकुली १ च<br>धनौरी २ छ<br>धनौरी २ छ<br>धनौरी २ छ<br>धनौरी २ छ<br>धनौरी २ छ | पुरानो<br>पुर्जा | हेकुली १ च<br>धनौरी २ छ<br>धनौरी २ छ<br>धनौरी २ छ<br>धनौरी २ छ<br>धनौरी २ छ | १८७<br>९३<br>११०<br>१०<br>११४<br>१४१ | कृषि | आवासीय |

(छाप: दंगीशरण गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, हेकुली, दाङ, लुम्बिनी प्रदेश, नेपाल २०७४)

**निर्णयः** माथि व्यहोरामा लेखिएबमोजिम गर्ने ।

**प्रस्ताव नं. ५**
नदीजन्य पदार्थ उत्खनन् गर्नको लागि प्रारम्भिक वातावरणीय मूल्याङ्कनको अद्यावधिक प्रतिवेदन स्वीकृत गर्ने सम्बन्धमा।

**प्रस्तावको संक्षिप्त व्यहोरा**ः दंगीशरण गाउँपालिकाको क्षेत्राधिकाभित्र रहेका नदी तथा खोलाहरूबाट नदीजन्य पदार्थ ढुङ्गा, गिट्टी, बालुवा आदि उत्खनन् गरी बिक्री गर्ने प्रयोजनका लागि चालु आ.व. २०८२/०८३ मा अद्यावधिक गरिएको प्रारम्भिक वातावरणीय मूल्याङ्कन स्वीकृत गर्नु पर्ने भएकोले।

गाउँ कार्यपालिकाको
बैठक संख्या ४/२०८२/०८३
मिति २०८२/०८/२५ को
निर्णय प्रमाणित।

(हस्ताक्षर)
कर्ण बहादुर नेपाली
प्रमुख प्रशासकीय अधिकृत

**हुनु पर्ने निर्णय**: यस दंगीशरण गाउँ क्षेत्राधिकारभित्र रहेका नदी तथा खोलाहरूबाट नदीजन्य पदार्थ ढुङ्गा, गिट्टी, बालुवा आदि उत्खनन् गरी बिक्री गर्ने प्रयोजनका लागि चालु आ.व. २०८२/०८३ मा सम्पन्न गरिएको प्रारम्भिक वातावरणीय मूल्याङ्कन प्रतिवेदनले सिफारिस गरे अनुसार देहाय बमोजिमका खोला तथा घाटहरूमा उत्खनन् गर्न मिल्ने परिमाण स्वीकृत गरी टेण्डर आह्वान गर्न स्वीकृति प्रदान गर्ने।

**तपसिल**

| क्र.सं. | सङ्कलन/उत्खनन् स्थल | वडा नं. | मौजुदा परिमाण (घन मिटर) | ९ महिनामा उत्खनन् गर्न सकिने परिमाण (घन मिटर) | अक्षांश | देशान्तर |
|---|---|---|---|---|---|---|
| १ | कुइरीगनार क्षेत्र | २ | २३९१.११ | २३९१.११ | २८°३'५७.७७" | ८२°१२'४२.३०" |
| २ | बारबर्दिया क्षेत्र | २ | २४४५.४८ | २४४५.४८ | २८°५'७०.६१" | ८२°१६'६२.१४" |
| ३ | बबई र पातुखोला दोभान क्षेत्र | ४ | ७५८१.८१ | ७५८१.८१ | २८°४'२२.४४" | ८२°११'४०.०१" |
| ४ | बबई र चिराघाटको दोभान क्षेत्र | ६ | २५००.०० | २५००.०० | २८°५'३२.१६" | ८२°९'८०.८३" |
| ५ | सिम्ठाना बबई घाट क्षेत्र (१) | ७ | ३३२७.३६ | ३३२७.३६ | २८°६'२४.०५" | ८२°८'१५.६१" |
| ६ | सिम्ठाना बबई घाट क्षेत्र (२) | ७ | २४२१.७६ | २४२१.७६ | २८°६'०२.०७" | ८२°८'३८.८९" |
| ७ | थपगाउँ क्षेत्र | ६ | २८७५.८७ | २८७५.८७ | २८°९'६४.०५" | ८२°१५'१५.५४" |
| ८ | माया दोभान क्षेत्र | ३ | ३७२०.११ | ३७२०.११ | २८°०८'४१.४९" | ८२°१८'४६.७५" |
| ९ | चिराघाट खोला हेडबक्स | ६ | ९६०.४८ | ९६०.४८ | २८° ७'२७.७४" | ८२°१२'३६.६७" |
| १० | सलौरा पातुखोला घाट | ५ | ४३६२.७२ | ४३६२.७२ | २८° ५'५२.४३" | ८२°१४'०५.६८" |

**निर्णय**: माथि व्यहोरामा लेखिएबमोजिम गर्ने।

दंगीशरण गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय

**प्रस्ताव नं. ६**

गाउँपालिकाबाट सञ्चालन हुने १० लाखभन्दा बढी बजेट भएका योजनाहरूको कार्यान्वयन सम्बन्धमा।

**प्रस्तावको संक्षिप्त व्यहोरा**: चालु आ.व. २०८२/०८३ मा दंगीशरण गाउँपालिकाको स्वीकृत वार्षिक योजना तथा कार्यक्रममा समावेश भएका रू. १० लाखभन्दा माथिका योजनाहरूको सञ्चालनका लागि आवश्यक नीति बनाउन आवश्यक भएकोले।

**हुनु पर्ने निर्णय**: चालु आ.व. २०८२/०८३ मा दंगीशरण गाउँपालिकाकको स्वीकृत वार्षिक योजना तथा कार्यक्रममा गाउँपालिकाबाट सञ्चालन हुने गरी समावेश भएका रू. १० लाखभन्दा माथिका निर्माण कार्यसँग सम्बन्धित योजनाहरू सार्वजनिक खरीद ऐन तथा नियमावली बमोजिम सिलबन्दी दरभाउ पत्र वा बोलपत्र आह्वान गरी ठेक्का प्रक्रियाबाट कार्यान्वयन गर्ने।

**निर्णय**: प्रस्ताव कार्यसूचिबाट हटाउने।

गाउँ कार्यपालिकाको
बैठक संख्या: ५।२०८२।०८३
मिति २०८२।०८।२५ को

**प्रस्ताव नं. ७**
दंगीशरण गाउँपालिकाको गाउँ शिक्षा योजना २०८२ स्वीकृत गर्ने सम्बन्धमा ।

**प्रस्तावको संक्षिप्त व्यहोराः** दंगीशरण गाउँपालिकाको गाउँ शिक्षा समितिबाट सिफारिस भई आएको दंगीशरण गाउँपालिकाको गाउँ शिक्षा योजना २०८२ स्वीकृत गरी लागु गर्नुपर्ने भएकोले।

**हुनु पर्ने निर्णयः** दंगीशरण गाउँपालिकाको गाउँ शिक्षा समितिको मिति २०८२/०८/२६ गतेको बैठकबाट सिफारिस भई आएको दंगीशरण गाउँपालिकाको गाउँ शिक्षा योजना २०८२ स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ को उपदफा (२) को ज. (१) ले दिएको अधिकार प्रयोग गरी स्वीकृत गरी लागु गर्ने ।

**निर्णयः** माथि व्यहोरामा लेखिएबमोजिम गर्ने ।

गाउँ कार्यपालिकाको
बैठक संख्या: ५/२०८२/०८३
मिति २०८२/०८/२५ को
निर्णय प्रमाणित।

कर्ण बहादुर नेपाली
प्रमुख प्रशासकीय अधिकृत

दंगीशरण गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
हेकुली, दाङ
लुम्बिनी प्रदेश, नेपाल
२०७३